लुम्बिनी प्रदेश
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्यविकास निर्देशनालय

ईमेल:ialdo.bardiya@gmail.com
वेब साईट: ialdobardiya.lumbini.gov.np

# एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय

बर्दिया नेपाल

प. सं.: ०८२/०८३
च.नं.:

## प्रस्ताब आब्हानको सूचना

**सूचना नं. - २, प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/०७/२०**

एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय बर्दियाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार निम्न बमोजिमका कार्यक्रमहरुमा सहभागी हुन इच्छुक आवेदकहरुले सूचना प्रकशित भएको मितिले १५ दिन भित्र (मिति२०८२/०७/२० देखि २०८२/०८/०४ सम्म) यस कार्यालयमा तपसिलको कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्याबसायिक योजना, सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाईट ialdobardiya.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ। प्रस्ताब पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा त्यस्को भोलिपल्ट कार्यालय समय भित्र प्रस्ताब पेश गर्नुहुन अनुरोध छ। थप जानकारीका लागि कार्यलयको सम्पर्क नम्बर ०८४-४२१२०७ र सूचना अधिकारीको सम्पर्क मो.न. ९८५८०३५२०८ मा गर्न सकिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

**कार्यक्रम**

| क्र.स | कार्यक्रम | बजेट (रु. लाखमा) | संचालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | स्थान | अनुदानको सिमा |
|---|---|---|---|---|---|---|
| १. | बीउविजन पूर्वाधार विकास कार्यक्रम | १० | ➢ बिउ भण्डारणका लागि पूर्वाधार निर्माण<br>➢ बीउ प्रशोधनका लागि यन्त्र उपकरणमा सहयोग। | ➢ बीउ उत्पादनमा कार्यमा संलग्न फर्म/कम्पनी/समूह/सहकारी हुनुपर्ने।<br>➢ श्रोत वा उन्नत वा दुवै बीउ उत्पादन गरी कारोबार गरिरहेको हुनुपर्ने।<br>➢ वीउ उत्पादन तथा कारोबारको अनुमति प्राप्त फर्म/कम्पनी/समूह/सहकारी हुनुपर्ने। | जिल्ला भरी | ➢ रु १० लाखमा नबढ्ने गरी पूर्वाधार निर्माण र यन्त्र उपकरणमा अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |

**प्रस्ताबसाथ पेश गर्नुपर्ने कागजातहरू:**

१. प्रस्तावकको निवेदन। (अनुसूची-२३ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नुपर्ने)।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कृषि तर्फ अनुसूचि-२४ बमोजिम)।
६. सम्बन्धित स्थानीय तहको सम्बन्धित शाखाको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि। (समूह/संस्था/कम्पनीको हकमा)
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा अनुमानित लागत ईष्टिमेट र नक्सा।
१०. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि। जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष तोकिएको करार सम्झौता-पत्र)।

**पुनश्च :-** माथि उल्लेखित सम्पूर्ण कार्यक्रमहरु "कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम सञ्चालन कार्यविधि-२०८२" अनुसार सञ्चालन गरिने हुँदा यस पश्चात कार्यविधिमा कुनै संसोधन हुन गएमा वा तालुक निकायबाट कुनै किसिमको निर्देशन प्राप्त भएमा सोही बमोजिम कार्यक्रम सञ्चालन गरिनेछ। थप जानकारीका लागि कार्यालय प्रमुखको मो.नं. ९८५८०३५२०७ कृषि कार्यक्रम तर्फ श्री फिर्तुमान चौधरीको मो.नं.९८४७८४४७८५ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।

कमला अधिकारी
(प्रमुख)

कमला अधिकारी
प्रमुख
(अधिकृतस्तर दशौं तह)

"व्यवसायिक र सिर्जनशील प्रशासन, विकास समृद्धि र सुशासन"

CamScanner